# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १९, २०६१ फागुन (February 2005)

## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १) | नारामा सीमित शिक्षा दिवस | भूपराज खड्का | पृष्ठ २ |
| २) | शिक्षित बन्ने बुढ्यौली अठोट | कमल गिरी | पृष्ठ ३ |
| ३) | ईंट्टाको भारीले थिचेको भविष्य | आदेश कर्माचार्य/कपिल श्रेष्ठ | पृष्ठ ४ |
| ४) | मातृभाषामा पढाइ नहुदाको परिणाम | लोक आङ्ला | पृष्ठ ६ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा पनि उपलब्ध छ*** *ejgfeature@yahoo.com (Password — education)*


सम्पादन : राजाराम गौतम

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.ब.नं. २१८४३, फोनः ४२५७६५५**

**फ्याक्सः ४२१८६८६, अनामनगर, काठमाडौं।**

इमेल : ejg@ntc.net.np, or letter@ejgroup.org

वेवसाइट : www.ejgroup.org

# नारामा सीमित शिक्षा दिवस

● भूपराज खड्का/काठमाडौं

**हिंसा रहित शान्ति शिक्षण स्थल सबैको इच्छा**
**सगै बस्न र जिउन सबैका लागि शिक्षा'**

यस वर्ष शिक्षा दिवसको अवसरमा सरकारले तय गरेको नारा हो यो । हरेक वर्ष फागुन १२ गते सुन्दा मिठो र गम्भीर सन्देश दिने यस्तै नाराका साथ शिक्षा दिवस केशरमहलमा भव्यताका साथ मनाइन्छ । तर, जब शिक्षा दिवस सकिन्छ, सो अवसरमा तय गरिएको नाराको औचित्य पनि करिब करिब सकिन्छ ।

सामान्यतया सरकारको शिक्षा नीति कार्यान्वयनमा लैंजादा काममा स्फूर्ति आओस् भनी शैक्षिक नारा तय गरिन्छ । कम्तीमा पनि एक वर्षसम्म त्यो नारालाई आत्मसाथ गर्दै नीति निर्माणदेखि कार्यान्वयनको स्तरसम्ममा ध्यान दिनुपर्ने हो । तर, नारालाई व्यवहारतः सम्झने परम्परा आजका मितिसम्म देखिएको छैन । शिक्षाका उच्च प्रशासक, राजनीतिक नेतृत्व वा सरोकारवालाहरुले अर्को नारा तय भएपछि मात्र विगत वर्षको नारालाई खोज्ने, सुन्ने प्रवृत्तिका कारण पनि यी नारा केवल कोरा आदर्श'मा सीमित हुँदै आएका छन् ।

करिब ३० वर्ष अगाडि स्व. राजा श्री ५ वीरेन्दद्वारा आफ्नो राज्याभिषेकको अवसरमा प्राथमिक शिक्षा निःशुल्क हुने घोषणा गरिएको र सोही समयदेखि औपचारिक रुपमा शिक्षा दिवस वर्षको एक दिन भव्यरुपमा मनाउने चलन सुरु भएको हो । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले वञ्चित हुनु नपरोस्' भन्ने आदर्श वाक्यबाट सुरु भएको शिक्षा दिवसले तीन दशक पूरा गरे पनि विद्यालय जाने उमेरका करिब २० प्रतिशत बालबालिकाले विद्यालय पुग्न नसकेको सरकारले नै स्वीकारेको छ। अहिले ठूलो अभियानको रुपमा सबैका लागि शिक्षा' भन्ने अभियान अगाडि बढिरहेको छ। पहिलो शिक्षा दिवसले तय गरेको नारालाई व्यावहारमा उतार्न सकेको भए सायद त्यसको झण्डै पन्ध्र वर्षपछि सबैका लागि शिक्षा' भनेर अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाइरहनुपर्ने थिएन होला ।

विगतमा आफ्ना नानीहरुलाई माया गर्ने, शिक्षाको गुणस्तर बढाउने, जनसहभागिता जुटाउने, शिक्षालाई उत्पादनशील र सृजनशील बनाउने सवाल, जनमुखी र जीवनपयोगी शिक्षाको परिकल्पना, छोराछोरीलाई समान रुपमा पढ्न पठाउने, साक्षर हुने र साक्षरता बढाउने सवाल, शिक्षा घर घरमा पुऱ्याउने, दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने विषयलाई मूल आदर्श मानिसकिएको छ । शिक्षाको विकास र विस्तार, समाजलाई नै स्वालवम्बी बनाउने कुरा, सक्षम नागरिक उत्पादन गर्ने कुरादेखि शान्ति, सहिष्णुता, सदाचार र रोजगारको विषयमा नै नाराहरु केन्द्रित हुने गरेका छन् ।

अहिलेसम्म घोषणा गरिएका सबै नारालाई सरसर्ती अध्ययन गर्ने हो र शैक्षिक तथ्यांकतर्फ केन्द्रित नहुने हो भने शिक्षाको पहुँचबाट कोही पनि बञ्चित नभएको अवस्था देखिनुपर्ने हो । तर, अवस्था बेग्लै छ । अहिले थुप्रै बालबालिका श्रमिक, घरेलु श्रमिक र खाते भएर शिक्षाको पहुँच बाहिर रुमल्लिरहेका छन् ।

नारा तय गर्ने भनेको सम्बन्धित विषयमा सरकार केन्द्रीकृत भएर काम गरिरहेको भन्ने देखाउनु हो भन्दै शिक्षाविद् डा. मिनबहादुर विष्ट भन्छन्, "हामी नारा तय गर्न खप्पिस भयौं ती नाराका आशयलाई पूर्णतया केन्द्रीकृत भई लागू गर्न असफल भइयो ।" एक वर्षका लागि नारा तय गर्दा शिक्षक, अभिभावक, व्यवस्थापन समिति र सरोकारवालालाई पूर्णतया बेवास्ता गर्नु पनि अर्को समस्याका रुपमा देखिदैं आएको छ ।

उच्च प्रशासकहरुले शिक्षा मन्त्रालयमा बसेर नारा तय गर्ने र त्यो अरुलाई सुनाउने स्तरमा मात्र रहनुले पनि असफलता हात लाग्ने ठहर अर्का एकजना शिक्षाविद्को छ । उनी भन्छन्, "राजनीतिक प्रतिबद्धताको कमी नारा असफल हुनुको अर्को महत्वपूर्ण कारण हो ।" २०६० मा शिक्षालयलाई शान्ति क्षेत्र बनाऔं, गुणात्मक शिक्षाको विस्तार गरौं' भन्ने नारा तय गरियो । तर, राज्य र माओवादीबाट सबैभन्दा बढी शिक्षा क्षेत्र आक्रान्त यहिबेला बन्न पुग्यो । र, यो क्रम जारी छ ।

नारा तय भए मुताविक व्यवहारमा त्यसको आदर्शलाई कति लागू गरियो ? शिक्षाविद् डा. विद्यानाथ कोइराला भन्छन्, "नारा तय गरेपछि कार्यान्वयन गर्ने व्यक्ति सुरुमै तोक्नुपर्छ र बेलाबखत उसको कामको अनुगमन गर्नुपर्छ ।" कोइरालाका अनुसार, शिक्षा मन्त्रालयले विगतमा तय गरिएका नाराले के कति उपलब्धि गरे भनी

समीक्षा गरेपछि मात्रै नयाँ नारा तय गर्नु वेस हुन्छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सन एड नेपालका कार्यक्रम अधिकृत खेम उपाध्याय खाली शिक्षा दिवसमा मात्रै नारा उरालेर केही नहुने बताउँछन्। भन्छन्, "राज्यले सबैले पढ्न पाउने अधिकार ग्यारेण्टी गर्नुपर्छ। र, कार्यान्वयनमा गम्भीर हुनुपर्छ।"

हरेक वर्ष शिक्षा दिवसको सन्दर्भमा नयाँ नारा तय गरिन्छ। नाराको हिसाबले अहिले हिंसारहित शान्ति शिक्षणस्थलको परिकल्पनालाई कसैले नराम्रो मान्ने कुरा आउँदैन। तर, के सरकारले अगाडि सारेका नारालाई ऊ व्यवहारमा लागू गर्न सक्षम छ ? शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी नारा सफल गराउन सबै पक्षलाई आग्रह गर्छन्। भन्छन्, "विगतदेखि भन्दै आएको कुरा म फेरि पनि दोहोऱ्याउँछु शिक्षा स्थललाई शान्ति क्षेत्र बनाउन शिक्षक, अभिभावक, विद्यार्थी र समुदाय सबैको बराबर भूमिका हुन्छ।"

शिक्षा दिवसको सन्दर्भ पारेर सरकारले संस्थागत, सामुदायिक र दुर्गम क्षेत्र गरेर १३ वटा विद्यालयलाई एसएलसी परीक्षाको नतिजा राम्रो ल्याएको भनी वीरेन्द्र शिल्ड, ध्वजा प्रमाणपत्रसहित एक लाखदेखि पचास हजारसम्म पुरस्कार दिने घोषणा गरेको छ। फागुन १२ गते फेरि २० औं लाखको समारोह र भोज आयोजना गरिनेछ। त्यस दिन ठूलो शिक्षण संस्थालाई स्वरमा शान्ति क्षेत्र बनाउन घोषणा गरिन्छ। भोलिपल्ट राज्य र माओवादीका तर्फबाट विद्यालमा परेड खेल्ने काम रोकिने अवस्था छैन। यस्तो अवस्थामा अर्को निरर्थक नाराका साथमा शिक्षा दिवस मनाइदैंछ। आशा गरौं, यसपटकको नाराले त्यो नियति भोग्न नपरोस्।

)()(

## शिक्षित बन्ने बुढ्यौली अठोट

**● कमल गिरी/ललितपुर**

कलेजी रंगको स्वीटर, रातो किरेमिरे धोती पहिरेकी ५७ वर्षकी वृद्धा १० बजे नै काखीमा किताव कापी च्यापेर विद्यालय जान हतारिन्छिन् भन्ने सुन्दा पत्याउन गाह्रो पर्छ। रामेछाप अर्खेनीकी मिरा लामाको दैनिकी बुझ्नेलाई यो कुरा पत्याउन करै लाग्छ।

हाल उनी ललितपुरको सातदोबाटोस्थित प्रेरणा महिला माध्यमिक विद्यालयमा पढ्छिन्। अघिल्लो वर्षभरी एक कक्षामा पढेकी उनी पास भई दुई कक्षामा पुग्दा झन् हौसिएकी छिन्। उनी भन्छिन्, "यो उमेरमा पढेर केही उद्यम गरौला भन्ने त छैन, पत्रिका पढ्न, चिठी लेख्न र पसलमा बसेर हिसाब किताब गर्न जाने ठूलो सर्टिफिकेट हुन्छ।" दुई छोरा, तीन छोरीकी यी वृद्धा आमाका सबै सन्तान शिक्षित छन्। भारतीय पल्टन'बाट रिर्टायड लाइफ' बिताइरहेका उनका श्रीमान् नैनबहादुर लामाले पनि उनलाई दिनभर विद्यालय जान दिलदेखि नै समर्थन गर्छन्।

२०५५ सालमा महिलावादी समाजसेवीको सक्रियतामा स्थापना गरिएको ललितपुरको सातदोबाटोस्थित प्रेरणा महिला माध्यमिक विद्यालयमा उनी जस्तै अरु प्रौढ महिलाहरु पनि अध्ययन गर्छन्। यस विद्यालयले गत वर्ष ६ जना विद्यार्थीलाई पहिलो पटक एसएलसी पास गराउन सफल भएको छ। १४ वर्षमाथिका महिलाले मात्र अध्ययन गर्नेगरी २०५५ सालमा कक्षा ६ मा २६ विद्यार्थीबाट सुरु गरिएकोमा हाल चार सय पचास भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापिका श्रीमती जनक चालिसे बताउँछिन्।

शिक्षाको माध्यमबाट महिला सशक्तिकरण गर्ने उद्देश्यसहित चारजना महिलावादी समाजसेवी प्रभा चालिसे, राधा तिमिल्सिना, प्रमिला शर्मा र जनक चालिसेको सक्रियतामा स्थापित यो विद्यालय नेपालकै पहिलो तथा एकमात्र महिला विद्यालय हो। यस विद्यालयमा मजदुरदेखि सम्भ्रान्त परिवारका महिला पनि पढ्न आउँछन्। जनजाति, दलित तथा उत्पीडित महिलालाई विशेष प्राथमिकता दिइने यस विद्यालयमा विभिन्न भेगबाट विभिन्न जाती, धर्म र संस्कृतिका महिला पढ्न आउने प्रभा चालिसेको भनाई छ।

कुमारी महरा यसै विद्यालयकी एक विद्यार्थी हुन्। तर उनको आँट र हिम्मतले उनलाई समाजका अरु शिक्षित महिलासरह पुऱ्याई छाड्यो। उमेरले रोकेन। गत वर्ष यसै विद्यालयबाट प्रथम श्रेणीमा एसएलसी पास गरेकी कुमारी आजभोलि पासाङ ल्हामु कलेजकी विद्यार्थी बनेकी छन्। कुमारीकै जस्तै चाहना बिमला न्यौपानेको पनि छ। "एसएलसी पास गरियो भने त शिक्षक पनि बन्न सकिन्छ। समाजसेवा गरी हामी जस्तै पीडित महिलाहरुको लागि कुनै सहयोग पनि गर्न सकिन्छ," कक्षा १० मा अध्ययनरत ३८ वर्षीया विमला न्यौपाने भन्छिन्। अरुको घरमा काममा सघाएर जीविकोपार्जन गरेकी बिमला भन्छिन्, "दश कक्षा पास गरिछाड्ने ठूलो धोको छ।"

“म छ महिनाकी छँदै बुबा बित्नुभयो। १५ छोराछोरी थियौं। दाजुहरुले त पढ्नुभएन झन् हामी छोरीले पढ्ने कुरै भएन। त्यसमा पनि बाँच्नै गाह्रो थियो।” ताप्लेजुङ घर भएकी ३० वर्षिया माया वि.के. अतित सम्झदै भन्छिन्, “१५ वर्ष हुँदा मोरङ विवाह भयो। पढ्न नपाएको चिन्ता थियो। अहिले श्रीमान्को सहयोगमा यस विद्यालयमा भर्ना भई कक्षा २ मा पढिरहेकी छु। दश पास गर्न नसके पनि सामान्य हिसाब राख्ने, कार्यालयका साइनबोर्ड हेर्नसक्नेसम्म भए मलाई पुग्छ,” मायाले थपिन् “पढ्न थालेपछि अहिले त मान्छेसँग बोल्न डर लाग्दैन। आत्मबल बढेको छ।”

संस्थापक प्रभा चालिसेका अनुसार, यस विद्यालयमा अहिले कक्षा १ देखि १० सम्मका विद्यार्थीका लागि पाँच सय रुपैयाँ भर्ना शुल्क र मासिक शुल्क तीन सय छ। तर, नौ र दशलाई थप ५० रुपैयाँ बढ्ता लिने गरिएको छ। सरकारी विद्यालयकै प्रारुपअन्तर्गत सञ्चालित यस विद्यालयको व्यवस्थापना खर्च विद्यार्थी शुल्कबाटै चलेको भनाई सञ्चालकहरुको छ।

उमेर पुगेका महिलाहरुले पढ्ने विद्यालय स्थापना गर्ने नीति सरकारी तवरमै अहिलेसम्म नबनेकोले महिलाहरुलाई शिक्षाको माध्यमबाट सशक्त र सक्षम नागरिक बनाउने उद्देश्यकासाथ आफूहरुले यो काम थालनी गरेको श्रीमती चालिसे बताउँछिन्। “सानोमा पढ्न नपाएका तर अझै पढने इच्छा भएका थुप्रै महिला छन्। हामी अझ प्रचार गर्न सकिरहेका छैनौ।” उनी थप्छिन्, “विद्यालयमा राजधानीका अतिरिक्त नेपालका विभिन्न भागबाट आएका कैयौं महिला विद्यार्थीहरु पनि छन्।”

बिहान ६ देखि १० बजेसम्म कक्षा ६ देखि १० र दिउँसो ११ देखि ३.३० बजेसम्म कक्षा १ देखि ५ सम्मको पढाइ हुने यस विद्यालयको शैक्षिक सत्र शिक्षा मन्त्रालयको पाठ्यक्रमअनुसार शैक्षिक सत्रको सुरुवात वैशाखको पहिलो हप्तादेखि हुने गरेको छ। जेहेन्दार, प्रतिभाशाली एवं उत्पीडित र दलितमध्येबाट करिब एक दर्जनले निःशुल्क शिक्षा अहिले पाइरहेका छन्।

साप्ताहिक पत्रपत्रिका पढेर विद्यालयको बारेमा थाहा पाएकी बालाजुकी जुनु शाह अहिले छ कक्षामा भर्ना भएकी छिन्। “सानोमा विद्यालय जाँदाजाँदै आफैं छोडेँ। जानै मन लागेन। पछि खुब पछुतो थियो। अब धेरै खुशी छु। २४ वर्षिया जुनु शाहलाई पढ्नलाई अब कुनै समस्या छैन। बालाजु घर भएकी जुनु बचेको समयमा बालाजुस्थित आफ्नै ब्यूटीपार्लरमा ब्यस्त रहन्छिन्। जसरी पनि एसएलसी पास गरी आफ्नै व्यवसायलाई फस्टाउँदै लैजाने लक्ष्य उनले राखेकी छन्।

सरकारको महिला विद्यालय खोल्ने नीति छैन। पढ्न नपाएका महिलाका लागि वैकल्पिक स्कूल व्यवस्था गरिएको छ। पढ्दै नपढेका महिलाले तीन वर्षमा प्राथमिक तह पास गर्न सक्छन्। “शिक्षा विभाग, लैङ्गिक समविकास शाखाकी उपनिर्देशक रामप्यारी श्रेष्ठ भन्छिन्, “सरकारले पढ्नेहरुका लागि प्राइभेट एसएलसीको पनि व्यवस्था गरेको छ। र, दुर्गम क्षेत्रका केही जिल्लाहरुमा छात्रवासमा बसेर विद्यालय तह पास गर्न चाहनेहरुका लागि निःशुल्क छात्रवृतिको व्यवस्था समेत गरेको छ।” जिल्ला शिक्षा शाखा काठमाडौंका जिशिअ जीवन शर्मा पौडेलले अनौपचारिक शिक्षाको माग गाउँहरुमा बढिरहेको अवस्थामा उमेर पुगेका महिलाहरुलाई औपचारिक शिक्षा आर्जन गर्ने व्यवस्था गरिएको खण्डमा महिला साक्षरतामा ठूलो प्रभाव पार्ने बताउँछन्।

## ईंट्टाको भारीले थिचेको भविष्य

**● आदेश कर्माचार्य/कपिल श्रेष्ठ, भक्तपुर**

दाङ जिल्लाका चिन्तामणि के.सी. मुखैमा आएको एसएलसी परिक्षा छाडेर भक्तपुरको इँटाभट्टामा काम गर्न बाध्य भए। कारण, मुलुकमा चलेको हिंसा प्रतिहिंसाको अन्त्यहीन श्रृंखला। गत सालको एसएलसी परीक्षाको तयारी गरिरहेकै बेला माओवादीले आफ्नो सेनामा भर्ती हुन विद्यालयमै आएर उर्दी जारी गरेपछि चिन्तामणि केसी भागेर भक्तपुर आएका थिए। चिन्तामणि भन्छन्, “काम नगरी खान पाइदैंन पढेर मात्र के गर्नु ? देशमा शान्ति छायो भने फेरि विद्यालय गएर दश कक्षादेखि नै पढ्छु।”

चिन्तामणिको घरमा खाने, लाउने समस्या त थिएन। तर पनि माओवादीले जहिले पनि विद्यालयमा आएर कार्यक्रम गर्ने, कार्यक्रममा सँगै लिएर जाने, सेनामा भर्ना हुन उर्दी जारी गर्न थालेपछि उनी भागेर भक्तपुर आइपुगेका थिए।

काभ्रेकी भगवती रञ्जिताले पढाई छोड्नमा चाहिं फरक कारण छ । उनको घरको कमजोर आर्थिक अवस्थाकै कारण केही समय पहिले भक्तपुरमा ईंट्टा बोक्न आएकी थिइन् । १४ वर्षीया भगवतीले इँटा भट्टामा ठूला व्यक्तिले सरह नै काम गर्नुपर्छ । भगवती भन्छिन्, "एक पटकमा इँटाभट्टामा २२ वटासम्म इँटा बोक्नुपर्छ ।" पढ्ने उमेरमा उनलाई यो भार किन बोक्नुपर्‍यो ? उनी उल्टै प्रश्न गर्छिन्, "आफ्नो घरमा खानको लागि अन्न र लुगा, कपडा नभएपछि कसरी पढ्नु ?" सँगैका साथीहरु पिठ्यूँमा झोलाभरी किताब र कापी बोकेर विद्यालय जाँदा उनलाई पनि विद्यालय जान मनलाग्छ । तर, इँटाभट्टामा दिनभरी माटोसँग खेल्नुपर्ने उनको आफ्नै बाध्यता छ ।

गरिबीकै कारण कतिपय अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुको सट्टा आफूसँगै इँटाभट्टामा काम गराउन ल्याएका छन् । सिन्धुपाल्चोक, छहरेकी कान्छीमायाँ तामाङ भन्छिन्, "छोराछोरीलाई पनि सँगै ल्याए आफूलाई काम पनि सघाउँछ । अलिअलि भए पनि पैसा पनि कमाउँछ । त्यसैले मैले पनि आफ्ना एक छोरा र तीनवटी छोरीलाई सँगै ल्याएकी छु ।"

इँट्टा बोक्ने र माटो मुछ्ने काममा व्यस्त इँट्टाभट्टाका बालबालिका कसैले आफूलाई पढाइदिए पढ्ने इच्छा भएको बताउँछन् । सल्यान जमकोट गाविस घर भएका १३ वर्षीय जससिंह कुँवर इँट्टाभट्टामा काम गर्नु आफ्नो रहर नभई बाध्यता भएको बताउँछन् । उनी भन्छन्, "बिहान उठेदेखि बेलुका आँखाले देखुन्जेलसम्म इँट्टा बोक्नुभन्दा त कसैले घरमा काम गर्न राखेर पढाइदिएहुन्थ्यो ।" उनी आफूलाई इँटाभट्टामा काम गर्नुपर्दा साह्रै नरमाइलो लागेको बताउँछन् ।

माघ महिनाको चिसो मौसम भए पनि इँट्टाभट्टामा काम गर्ने सबै मजदुरहरु आफ्नो खलामा बनाइएको काँचो इँट्टाको छाप्रोमा बस्छन् । चिसो भुइँ अनि काँचो इँट्टाको छाप्रोमा बस्ने यी बालमजदुरहरु एक दिन आफ्नो भविष्य फेरिने विश्वासमा छन् । इँट्टाभट्टा ठेकेदार भने बालबालिकालाई अरु केही सुविधा दिन नसके पनि बस्नलाई निःशुल्क छाप्रो उपलब्ध गराएको बताउँछन् ।

इँट्टा उत्पादन समितिका अध्यक्ष विश्वराम कवाङ्का अनुसार भक्तपुर जिल्लामा मात्र अहिले ९२ वटाभन्दा बढी इँट्टाभट्टा सञ्चालनमा रहेका छन् । यति धेरै इँट्टाभट्टामा कति बालबालिका काम गर्छन् भन्ने तथ्यांक समितिसँग छैन । यी इँट्टाभट्टामा माटो खन्ने, मुछ्ने, इँट्टा बोक्ने, पोल्ने लगायतका काम गर्ने धेरैजसो बालमजदुरहरु छन् ।

पैसा कमाउने सपना देखेर इँट्टाभट्टामा काम गर्न आउने बालबालिकाले मुश्किलले काम पाउने ६ महिना मात्र हो । इँट्टा बनाउने मौसम भनेको मंसिरको पहिलो हप्तादेखि बैशाखसम्म मात्र हो । त्यतिबेलासम्ममा यी बालमजदुरहरुले विद्यालय पनि छाडिसकेका हुन्छन् र रोजगारविहीन पनि हुन पुग्छन् । इँट्टाभट्टामा बिहानदेखि बेलुकीसम्म काम गर्दा यी बालबालिकाले मुश्किलले महिनाको दुईदेखि तीन हजारसम्म कमाउँछन् । भगवती रञ्जिता भन्छिन्, "महिनाभरी काम गर्दा जम्मा तीनहजार रुपैयाँ पाइन्छ ।" जससिंह कुँवर आफूले महिनाभरी काम गर्दा दुई हजारसम्म कमाइ हुने बताउँछन् । उनी भन्छन्, "आफूले कमाएको त्यही दुई हजारले गाउँमा आफ्नो परिवार पालिएको छ ।"

इँट्टाभट्टा ठेकेदारहरुका अनुसार यहाँ काम गर्ने बालबालिकाहरु १ देखि ५ सम्म पढेका र बीचैमा पढाइ छाडेर आएकाहरु बढी छन् । केही बालबालिका भने ६ महिना इँट्टा बोक्छन् र जाँच दिने बेलामा मात्र विद्यालय जान्छन् । तर यसरी परीक्षा मात्र दिन जाने बालमजदुरहरु प्रायः असफल हुने गरेको बताउँछन् ।

पढाइ छोडेर इँट्टाभट्टा आएकामध्ये धेरैजसो गरिबीका कारणले आएको बताउँछन् भने बाँकी देशमा चर्केको द्वन्द्वबाट विस्थापित भएकाहरुको परिवार र छोराछोरीहरु छन् । यहाँ काम गर्ने धेरैजसो बालबालिकाहरु रोल्पा, दाङ, काभ्रे, सिन्धुपाल्चोक र रामेछाप जिल्लाका रहेका छन् । उनीहरु सबै द्वन्द्व र गरिबीकै कारण आफूहरुले पढाइ छाड्नुपरेको बताउँछन् ।

यहाँ काम गर्नेमध्ये रोल्पाका मजदुरहरु इँट्टा बोक्नमा नाम कमाएका छन् भने काभ्रेका मजदुरहरु पत्थरीको काम गर्न सिपालु रहेको इँट्टाभट्टा सञ्चालकहरु बताउँछन् । यहाँ काम गर्ने प्रायः बालबालिकाहरु १२ देखि १४ वर्षसम्मका रहेका छन् । उनीहरुको आफूले कमाएको पैसा घर नपठाउने हो भने घरमा खानकै समस्या भएको बताउँछन् ।

# मातृभाषामा पढाइ नहुदाको परिणाम

● **लोक आङ्ला/धनकुटा**

धनकुटा जिल्लाको फाक्सिव गाउँ विकास समितिको वडा नं. ६ मा चन्द्रसिं नेम्वाङ प्रवेशिका परीक्षा (एसएलसी) पास गर्ने पहिलो व्यक्ति भएका छन्। गतसाल भएको परीक्षामा उनले सो परीक्षा सफलतापूर्वक उत्तीर्ण गरेका थिए। यसअघि सो गाउँमा एसएलसी पास गर्नेसम्म कोही थिएन।

हुन त फाक्सिव गाविसका अरु वडामा पढेलेखेका नभएका भने चाहिं पटक्कै होइन। अन्य छिमेकी गाविसहरुको तुलनामा धेरै धेरै पढेलेखेका युवाहरु पनि छन्। यद्यपि यस गाविसको वडा नं. ५ र ६ मा अहिलेसम्म तीन जनाले मात्र एसएलसी पास गरेका छन्। वडा नं. ६ बाट चन्द्रसिं नेम्वाङले पास गरेको छ भने वडा नं. ५ बाट देवेन्द्र लिम्बू र धनबहादुर लिम्बूले पास गरेका छन्। तैपनि चन्द्रसिं र देवेन्द्र केही महिना अगाडि विदेशतिर लागिसकेका छन्।

धनकुटा जिल्लाको सदरमुकाम नजिक पर्ने यो गाविसमा विद्यालयको अभाव पनि त्यति छैन। दुई वटा प्रस्तावित माध्यमिक विद्यालय, एउटा निम्न माध्यमिक विद्यालय, तीन वटा प्राथमिक विद्यालय र दुईवटा बालनिकेतन शिशु कक्षाहरु सञ्चालित छन्। तैपनि यहाँबाट एसएलसी पास गर्नेहरु सजिलै औंलामा गन्न सकिन्छ।

यस गाविसमा ९८ प्रतिशत लिम्बू जातिको बसोबास रहेको छ। एक प्रतिशत क्षेत्री, बाहुन र अन्य एक प्रतिशत दलित र राई जाति पर्दछन्। तर, वडा नं. ५ र ६ मा एक सय प्रतिशत नै लिम्बू जातिको बसोबास रहेको छ। यहाँका लिम्बूहरु सबै आफ्नो मातृभाषा बोल्छन्। मातृभाषाकै कारण गर्दा पढाइलेखाइमा ठूलो बाधा पुगेको कुरा स्थानीय बुद्धिजीवीहरु स्वीकार्छन्। त्यसको आलावा गरिबी र शैक्षिक चेतना अभिभावकहरुमा कमी हुनु हो।

जनसंख्याको आधारले हेर्ने हो भने धनकुटा जिल्लाको सबैभन्दा कम जनसंख्या भएको गाविस पनि यसै गाविस पर्दछ। यहाँका साक्षरता प्रतिशत पनि यसै गाविस पर्दछ। यहाँको साक्षरता प्रतिशत पनि अरु गाविसको तुलनामा निकै पछाडि परेको छ।

यस गाविसमा भएको दुईवटा प्रस्तावित माध्यमिक विद्यालयबाट गत वर्षको एसएलसी परीक्षामा सीतादेवी माध्यमिक विद्यालय खरखोलेबाट एकजना र राम माध्यमिक विद्यालय लेउतीटारबाट एकजनाले पनि एसएलसी पास गर्न सकेनन्। खरखोलेबाट पास हुने विद्यार्थी पनि अर्कै गाविसका विद्यार्थी हुन्। यो नतिजाबाट पनि सहजै अनुमान गर्न सकिन्छ यहाँको शैक्षिक अवस्था।

विद्यालय छ, शिक्षक छन् र विद्यार्थी पनि छन्। तैपनि किन एसएलसी पास गर्ने एउटा युवासम्म भेटिन गाह्रो छ। कारण प्रष्ट छ, शतप्रतिशत लिम्बू बस्ती भएकाले पहिलो समस्या पढाइका लागि भाषा नै भएको एकजना स्थानीय बासिन्दा बताउँछन्। उनी भन्छन्, "पढ्नुपर्छ भन्ने चेतनाको कमी र गरिबीले गर्दा पनि यहाँको युवाको शैक्षिकस्तर उठ्न नसकेको हो।"

महिलाहरुको अवस्था झन् नाजुक छ। सजिलै एक/दुई भनेर एसएलसी पास गर्नेहरु औंलामा गन्न सकिन्छ। अझ वडा नं. ५ र ६ मा एकजना महिलाले पनि एसएलसी पास गर्न सकेका छैनन्। महेन्द्र बहुमुखी क्याम्पस धरानमा अध्ययनरत लक्ष्मी लिम्बू भन्छिन्, "हाम्रो गाउँमा पढ्ने वातावरण नै छैन। अनि कसरी पढून् महिलाहरु ?

हुन पनि यस गाविसका अभिभावकहरु आफ्ना छोराछोरीहरुलाई पढाउनभन्दा विदेश पठाउन बढी रुचाउँछन्। तसर्थ पढाइभन्दा विदेश पठाउनको लागि लगानी गर्न हिच्किचाउँदैनन्। उच्च शिक्षा हासिल गरेकाहरु पनि दुःख गर्दै आफ्नै खर्चले पढ्नेहरु बढी छन्।

हुन त अब ५/७ वर्षपछि एसएलसी पास गर्ने महिला तथा पुरुषहरुको संख्या अधिक हुने कुरामा भानु माध्यमिक विद्यालयका शिक्षक यज्ञ नेम्वाङ पूरै आशावादी छन्। अबका नयाँ जमातका अभिभावकहरुले शिक्षाको महत्वबारे थोरै भए पनि ज्ञान हासिल गरिसकेका छन्। "छोराछोरीलाई जसरी भए पनि उच्च शिक्षासम्म पढाउन तत्पर देखिन्छन्। बरु म ज्यामी गएर पनि आफ्ना छोराछोरीलाई पढाउँछु, छोराछोरीहरुले पढिदिए त," अभिभावक खेत लिम्बू बताउँछन्। उनी भन्छन्, "तर मेरा छोराछोरीहरुले पढिदिएनन् भने के गर्नु ? मैले चाहेर मात्र नहुने !"